सुदूरपश्चिम विश्वविद्यालय
# कृषि विज्ञान संकाय
# डीनको कार्यालय
टीकापुर, कैलाली

## स्नातक तह प्रथम वर्ष प्रथम सत्रान्तको परिक्षा दिने परिक्षार्थीहरुको परिक्षा आवेदन फाराम भर्ने सम्वधी जरुरी सूचना

सूचना प्रकाशित मिति: २०८२/११/२५

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय, टीकापुर कैलालीद्धारा वि.सं. २०८३ सालमा सञ्चालन हुने सेमेस्टर प्रणालीमा सञ्चालित कृषि स्नातक तह (B. Sc. Ag.) प्रथम सत्रान्तको नियमित तथा आंशिक परिक्षा दिने परिक्षार्थीहरुले निम्न विवरण अनुसार परिक्षा आवेदन फाराम भरि मिति २०८२ साल चैत्र १० गते सम्म स्कूल अफ एग्रीकल्चरमा वुझाउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आंशिक परिक्षार्थीले गत सालको सोही खण्डको परिक्षा दिएको रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाँउमा अनिवार्य लेख्नुपर्नेछ।

२. आवेदन फाराम परिक्षार्थी स्वयंले भरि वुझाउनु पर्नेछ।

३. फाराम भर्दा सुदूरपश्चिम विश्वविद्यालयको नियमावली (स्विकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरु मात्र भर्नु, भराउनु पर्नेछ। अन्यथा भएमा कृषि विज्ञान संकाय डीन कार्यालय टीकापुर, कैलाली जवाफदेही हुने छैन।

४. परिक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई विषय कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नुपर्नेछ।

५. स्कुल अफ एग्रीकल्चर शैक्षिक प्रशासन शाखाले फाराम बुझाउनु अगाडि आन्तरिक मुल्यांकनको परिक्षामा उतिर्ण विद्यार्थीहरुका मात्र फाराम बुझि विद्यार्थीले भरेका प्रत्येक फारामहरु अंग्रेजी वर्णानुक्रम अनुसार स्पष्ट लगत राखि विद्यार्थीको नाम र रजिष्ट्रेशन नम्बर ठिक भए नभएको रुजु गर्नुपर्नेछ।

६. आवेदन फाराम स्कुल अफ एग्रीकल्चरको शैक्षिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ।

७. परिक्षार्थीले हालसालै खिचेको २ प्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फागम पेश गर्नुपर्नेछ ।

८. साधारण म्याद सकिएको ५ दिन भित्र दोब्बर दस्तुर लिई फाराम बुझिने छ ।

१०. परिक्षा शुल्क स्नातक तहको लागि प्रति सेमेष्टर रु.९००/- लाग्नेछ ।

११. प्रयोगात्मक शुल्क प्रति विषय रु.२५० का दरले लाग्नेछ ।

१२. थप जानकारीको लागि कृषि विज्ञान संकाय डीन कार्यालय वा स्कुल अफ एग्रीकल्चर शैक्षिक प्रशासन शाखा टीकापुर कैलालीमा सम्पर्क राख्न सकिने छ ।

१३. परिक्षा दिन पाउने अवधि सम्बन्धमा: सुदूरपश्चिम विश्वविद्यालय परिक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ अनुसूची २ को नियम १० (क) मा "चारवर्षे शैक्षिक कार्यक्रम" का विद्यार्थीले पहिलो पटक परीक्षामा सम्मिलित भएको वर्षबाट आठ वर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पुरा गरि सक्नुपर्ने छ ।

डीन
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली